# पथरी शनिश्चरे नगरपालिका

मोरङ, प्रदेश नं. १, नेपाल

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८०।१०।१०

## भाग-१

## पथरी शनिश्चरे नगरपालिका

ऐनको नामः पथरी शनिश्चरे नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः२०८०।१०।०५

प्रमाणिकरण मितिः२०८०।१०।१०

२०८०/१०/१०

CS Scanned with CamScanner

# पथरी शनिश्चरे नगरपालिकाको
# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०

**पथरी शनिश्चरे, मोरङ**

**कोशी प्रदेश, नेपाल**

नगर सभावाट स्वीकृत मिति-२०८०।१०।०५



CS Scanned with CamScanner

# पथरी शनिश्चरे नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) को व्यवस्थालाइ नगरपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी नगरपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, नगरपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पथरी शनिश्चरे नगर कार्यपालिकाले यो "पथरी शनिश्चरे नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन-२०८०" तर्जुमा गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यो ऐनको नाम "पथरी शनिश्चरे नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन-२०८०" रहेको छ .

(ख) यो ऐन नगर सभाबाट पारितभई राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ।

(ग) "नगर कार्यपालिका" भन्नाले पथरी शनिश्चरे नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिका सम्झनु पर्दछ।

(ङ)"नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरीको रुपमा नगरपालिकाले करारमा नियुक्ति गरेको सुरक्षाकर्मी कर्मचारीलाई सम्झनु पर्दछ।

(च) "नगर प्रहरी प्रमुख" भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी कर्मचारी भन्ने सम्झनु पर्दछ। यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने सहायक प्रहरी निरीक्षक समेतलाई जनाउनेछ।

(छ)"प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ज)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

Scanned with CamScanner

(झ) "सभा" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले पथरी शनिश्चरे नगरपालिकामा करार सेवामा नगर प्रहरी नियुक्ति गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

(ट)"सेवा करार" भन्नाले यस ऐन बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ।

(ठ) "उमेरको हद "भन्नाले करार सेवा नथपिने ५५ वर्ष उमेर पुगेको नगर प्रहरीको उमेर भन्ने सम्झनु पर्दछ।

## परिच्छेद–२

## नगर प्रहरीको क्षेत्राधिकार ,सेवा गठन, पदको विवरण र संख्या

**३.नगर प्रहरीको कार्य क्षेत्राधिकार**: नगर प्रहरी कर्मचारीको क्षेत्राधिकार पथरी शनिश्चरे नगरपालिका भित्र मात्र रहनेछ।

**४. नगर प्रहरी सेवाको गठन**: नगरपालिकामा प्रशासन सेवा अन्तर्गत एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी समूह अन्तर्गत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्बन्धी व्यवस्था यस ऐन बमोजिम नै हुनेछ ।

**5. समूह अन्तर्गत रहने नगर प्रहरी कर्मचारीहरुको पद र संख्याः**(१) नगरपालिकामा रहने नगर प्रहरीको पद र संख्या देहाय अनुसार रहनेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक-१

(ख) नगर प्रहरी हवल्दार -२

(ग) नगर प्रहरी जवान-७

(२) उप–दफा (२) बमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यस ऐनको दफा (८ र ११) तथा अन्य प्रचलित कानून बमोजिम पदपूर्ति गरिनेछ ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(१) क(२) मा उल्लेखित काम, कर्तव्य र अधिकार अतिरिक्त नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुग्ने गरि राखिएका सामाग्रीहरु हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

(ख) नगर क्षेत्र भित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) नगर क्षेत्रभित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सा पास भए नक्सा पासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिए भत्काउने आदेश भएमा आदेशानुसार गर्ने/गराउने ।

(ङ) छाडा पशु चौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशु चौपाया नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सढेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहरिएमा नियमानुसार जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने ।बेवारिसे मरेका पशुपंक्षीको समयमै उचित व्यवस्थापन गर्न लगाउने।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि जोखिम देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) नगर कार्यपालिका, विभिन्न समिति, उप–समिति विभाग तथा शाखाहरुबाट लागू हुने नीति नियम, निर्णय, मापदण्ड र नगरपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) नगरमा सु–व्यवस्था कायम गर्ने, नगरपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।



CS Scanned with CamScanner

(ड) नगरपालिका क्षेत्रमा इजाजत विना पेशा व्यवसाय गरेको फेलो परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा/व्यवसाय नगरपालिका दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएको हेरी दर्ता वा नविकरण गर्न राजश्व शाखा समक्ष समन्वय गर्ने ।

(ढ) नगर क्षेत्रमा भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा नियन्त्रणमा लिई इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल/व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यावसायमा हुने गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास–जुवा जन्य खेलहरू लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने । अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) नगरपालिकाका क्षेत्रभित्र सञ्चालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी ध्वनी प्रदुषण गराउने लाउड स्पिकर, रेडियो, ध्वनी उत्पादन गर्ने बिभिन्न प्रकारका उपकरणहरू र ध्वनी प्रसारणबाट गरिने ब्यवसायिक बिज्ञापनहरूको प्रयोगमा प्रतिबन्ध लगाउने ।

(फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुनै प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(ब) पार्किङ स्थलको रेखदेख ,व्यवस्थापन र सवारी पार्किङ, आगमनमा नियन्त्रण तथा ब्यवस्थापन गर्ने ।

(भ) नगर क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्न लगाई र अनुगमन गर्ने ।

(म) दमकल सेवा सम्बन्धी अन्य ब्यवस्था नभए सम्म दमकल सेवालाई २४ सै घण्टा सञ्चालन गर्न कार्यालयबाट थप जिम्मेवारी प्राप्त भएमा सो जिम्मेवारीलाई समेत पालना गर्ने ।

(य) विपद, माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।



Scanned with CamScanner

(ल) माथि खण्ड (र) बमोजिमका शाखा, आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने।

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने।

(ष) नगरपालिकाको सुरक्षा गर्ने, पालोपहरा दिने, मर्यादा पालकको कार्य गर्ने।

(स) नगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

(श) विभिन्न पसल व्यवसाय वा सवारी साधनले आफ्नो अधिकार क्षेत्र भित्र कानून विपरितको काम गरेको पाई तत्काल जरिमाना गर्नु परेमा आर्थिक ऐनले तोके बमोजिमको दरमा जरिमाना गरि जरिमानालाई राजश्व शाखामा जम्मा गर्ने।

(ह) आफ्नो कर्तव्य पालनाको शिलशिला पथरी शनिश्चरे नगरपालिका क्षेत्रभित्र रहेको नेपाल प्रहरीसंग समन्वय गर्नु परेमा समन्वय गरेर कानून बमोजिम गर्ने।

## परिच्छेद-४

## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७.पद तथा दरवन्दी श्रृजना सम्वन्धी ब्यवस्था:**(१) यसै ऐनको दफा (५) को उपदफा (१) मा उल्लेखित पद तथा दरवन्दी संख्या भन्दा वढी नगर प्रहरीको पद तथा दरवन्दी श्रृजना गर्नु परेमा नगरसभाले निर्णय गरे बमोजिम हुने।

(२) यस ऐनको दफा ७ उपदफा १ को प्रयोजनका लागि पद तथा दरवन्दी श्रृजनाको प्रस्ताव पेश गर्नु अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीलाई थप जिम्वेवारी दिंदा कार्य बोझ सम्हाल्न सक्ने/नसक्ने अवस्था, थप पद तथा दरवन्दीले श्रृजना गर्ने आर्थिक दाहित्व तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी कार्यपालिका मार्फत सभा समक्ष पेश गर्नु पर्नेछ।

**८. नगर प्रहरीकर्मचारीको नियुक्ति हुने पदहरुः** (१)प्रदेश सरकारवाट स्थानीय तह कर्मचारी सम्बन्धी ऐन तथा नियमावली जारी नहुँदासम्म नगर प्रहरी सहायक निरीक्षक, प्रहरी हवल्दार तथा नगर प्रहरी जवानका पद नगरपालिकामा गठित नगर प्रहरी कर्मचारी छनौट तथा सिफारिस समितिको सिफारिसमा प्रमूख प्रशासकीय अधिकृतवाट देहाय वमोजिम पदपूर्ति गरिनेछ।

| सि.न. | पद | दरवन्दी संख्या | खुल्ला प्रतियोगिता | आन्तरिक मुल्याङकन | जम्मा प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | १ | १००% | - | १००% | |
| २ | नगर प्रहरी हवल्दार | २ | - | १००% | १००% | |
| ३ | प्रहरी जवान | ७ | १००% | - | १००% | |

(२)खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदहरु मध्ये ४५% (प्रतिशत) पद छुट्याई बाँकी रहेका पदलाई १००% प्रतिशत मानी देहाय बमोजिम प्रतियोगीहरुका बीचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पद पूर्ति गराउनु पर्नेछ।

(क) महिला-३३%

(ख) आदिवासी/ जनजाति -२७%

(ग) मधेशी- २५%

(ख) दलित १५%-

(३) यस ऐनको दफा ८ को उपदफा १ मा जे सुकै लेखिएको भएता पनि नगर प्रहरीको नियूक्ति तथा सञ्चालन कार्यविधि २०७६ वमोजिम करार सेवामा नियक्ति भई अविछिन्न रुपमा काम गर्दै आएका नगर प्रहरीहरु यसै निर्देशिकाको दफा २२ को उपदफा (२) बमोजिम सेवा करार भङ्ग नभए सम्म वा दफा २९ बमोजिम उमेरको हद समाप्त नभए सम्म यसै ऐन वमोजिम नियुक्ति भएको मानिनेछ।

(४) खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने नगर प्रहरीका सवै पदका लागि आवश्यक योग्यता देहाय अनुसार हुनेछ।

(क) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ख) दरखास्त आह्वान हुँदाको बखत २१ वर्ष उमेर पुगेको र ३० वर्ष ननाघेको तर पूर्व नेपाल प्रहरी, शसस्त्र प्रहरी, इन्डियन आर्मी वा नेपाली सेनावाट स्वेच्छिक अवकास/ अनिवार्य अवकास भएका ब्यक्तिको हकमा उमेरको हद ४५वर्ष ननाघेको हुनु पर्नेछ।

(ख.१) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाँय नपाएको ।

(ख.२) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ख.३) छाती नफुलाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(ख.४) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ख.५) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(ख.६) महिलाको हकमा कम्तिमा ४२ के.जी र पुरुषको हकमा कम्तिमा ५० के.जी तौल भएको ।

(ख.७) कुनै राजनैतिक पार्टीको सदस्य नभएको।

(ख.८)मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको।



Scanned with CamScanner

(५) यस ऐनको दफा ८ को उपदफा ४ मा उल्लेख भएका योग्यताका साथै तपशिल अनुसारका पदका लागि देहाय अनुसारको शैक्षिक योग्यता आवश्यक हुनेछ ।

(५.क) सहायक नगर प्रहरी निरीक्षक- कम्तिमा मान्यता प्राप्त शैक्षिक संस्थावाट +२ वा प्रविणता प्रमाण पत्र प्राप्त गरेको ।

(५.ख) नगर प्रहरी हवल्दार- कम्तिमा मान्यता प्राप्त शैक्षिक संस्थावाट S.E.E. वा S.L.C. उत्तिर्ण गरेको।

(५.ग) नगर प्रहरी जवान - कम्तिमा मान्यता प्राप्त शैक्षिक संस्थावाट आधारभूत तहको परीक्षा उत्तिर्ण गरेको ।

६. यस ऐनको दफा ७ को उपदफा ४ (ख) मा जे सुकै कुरा लेखिएको भए पनि नगर प्रहरी जवान वा नगर प्रहरी हवल्दारले पथरी शनिश्चरे नगरपालिकामा अविछिन्न रुपमा काम गरिरहेको अवस्था भएमा सहायक नगर प्रहरी निरिक्षकको पदमा खुल्ला प्रतिस्पर्धा गर्न उक्त दफामा उल्लेख भएको उमेरको हद लाग्ने छैन ।

**९. समिति गठन सम्वन्धि व्यवस्थाः** (१)नगर प्रहरी कर्मचारीको पदपूर्ति गर्ने प्रयोजनका एक नगर प्रहरी छनौट समितिको गठन हुनेछ । समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) संयोजक- | प्रमुख प्रशासकीय अधिकृत |
| (ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेका कार्यलयका वरिष्ठ २ जना अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (ग) इलाका प्रहरी कार्यालय प्रमुख वा वा निजले तोकेको अधिकृत स्तरको प्रहरी | सदस्य |
| (ख) प्रशासन शाखा प्रमुख | सदस्य- सचिव |

(२) समितिले आवश्यक परेमा अन्य कार्यालयबाट वा कार्यालय भित्रवाट अन्य कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकनेछ।

**१०. समितिका काम कर्तव्य अधिकारः** (१) नगर प्रहरी छनौट समितिका काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन ।

(क) खुल्ला प्रतिस्पर्धाद्धारा नगर प्रहरीको नियुक्ति गर्दा यस ऐनको दफा ८ को उपदफा २ अनुसार आवेदकको प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतिस्पर्धाबाट नगर प्रहरी छनौट गर्दा आवश्यक पाठक्रम नेपाल प्रहरीको सम्वद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मानी परीक्षा संचालन गर्ने।

(ग) ऐनको दफा १० उपदफा (ख) मा जे भने पनि समितिलाई आवश्यक लागेमा उक्त पाठ्यक्रममा सारभूत रुपमा फरक नपर्ने गरि पाठ्यक्रममा सामान्य हेरफेर गर्न वाधा पर्ने छैन ।

(घ) नगर प्रहरी छनौटका लागि परीक्षा सम्वन्धी कार्यतालिका बनाउने ।



Scanned with CamScanner

(ङ) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा स्वीकृत कार्यविवरण ,पारिश्रमिक, सेवा शर्त समेत तोकि कार्यालयको सूचना पाटी, वेवसाइट वा अन्य सार्वजनिक हुने किसिमले सूचना प्रकाशन गर्ने।

(च) उपदफा १ को (ङ) बमोजिक सूचना प्रकाशन गर्दा दरखास्त पेश गर्ने म्याद कम्ति १५ दिनको राष्ट्री पत्रिका तथा वेभसाइटमा अनुसुचि-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(छ) दफा (१०) को उपदफा (१.च.) बमोजिम प्रकाशित सूचना अनुसार नगर प्रहरीको परीक्षामा सम्मेल हुन इच्छुक आवेदकले अनुसुचि-२ बमोजिमको फाराम भर्न लगाइ प्रशासन शाखा मार्फत संकलन गर्ने ।

(ज) उपदफा (१) को (छ)को स्पष्टीकरणका लागि आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(झ) लिखित र अन्तर्वातामा सफल नगर प्रहरीलाई करारमा नियुक्तिका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने तर यसरी सिफारिस गर्दा कुल रिक्त पदको बढीमा २०% भन्दा बढी हुने गरी क्रमानुसार वैकल्पिक उम्मेदवार राख्नु पाइने छैन।

(ञ) माथिका जुन सुकै दफामा जे भने पनि समितिले यस ऐनको दफा-८,११ र १२ मा उल्लेखित प्रकृया पुरा नगरी खुल्ला प्रकृयाबाट सेवा करारमा नगर प्रहरी छनौट गर्न पाइने छैन।

## परिच्छेद-५

## संक्षिप्त सूचि र परीक्षा प्रणाली

**११. छनौटका लागि संक्षिप्त सूचि सम्वन्धी व्यवस्था**: (१) दफा ७ र १० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट नगर प्रहरी करारमा छनौट गर्ने प्रयोजनका लागि देहाय बमोजिमको संक्षिप्त सूचि तयार गरिनेछ।

(२) दफा १० को उपदफा ङ बमोजिम प्रकासित सूचना अनुसार प्राप्त भएका आवेदकका आवेदनलाई देहायको आधारमा दफा ९ बमोजिमको समितिले संक्षिप्त सूचि तयार गर्नु पर्नेछ।

(२) दफा १० को उपदफा २ बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ९(१) बमोजिमको समितिले मुल्याङ्गन गरी देहायको आधारमा संक्षिप्त सूचि तयार गरी प्रकाशन गर्नु पर्नेछ।

(क) शैक्षिक योग्यता-१० अंक

(विशिष्ट श्रेणी-१० अंक, प्रथम श्रेणी-८, द्वितीय श्रेणी-६ अंक, तृतीय श्रेणी- ४ अंक वा ग्रेड A+-१० अंक,A -९ अंक, B+ -- ८ अंक , B --७ अंक, C+--६ अंक, C -- ५ अंक ,D+-४ अंक)

(ख) सम्वन्धित सेवाको अनुभव-१० अंक

( प्रत्येक वर्षको अनुभवका लागि १ अंक दिनु पर्ने छ तर जति सुकै वर्षको अनुभव भए तापनि वढीमा १० अंक भन्दा वढी हुने गरी अंक दिन पाइने छैन।)

(ग) वसोवासको प्राथमिकता-५ अंक (नगरपालिका क्षेत्र भित्र स्थायी वसोवास गरेको आवेदकलाई ५ अंक दिईने छ )

(४) संक्षिप्त सूचि प्रकाशन गर्दा खुल्ला प्रतिस्पर्धाका लागि विज्ञापन गरिने सिट संख्याको दोब्वर भन्दा वढी हुने नाम प्रकाशन गर्नु पर्नेछ।तर आवेदन नै कम संख्यामा परेको अवस्थामा कम उम्मेदवारको संक्षिप्त सूचि प्रकाशन गर्न बाधा पर्ने छैन। प्रकाशन भएका ब्यक्तिका वीच मात्र लिखित परीक्षा सञ्चालन गरिनेछ।

**१२. लिखित परीक्षा र अन्तर्वाता सम्वन्धी ब्यवस्था:**(१) करार सेवामा नगर प्रहरी छनौट गर्ने प्रयोजनका लागि दफा (११) को उपदफा (४) बमोजिम संक्षिप्त सूचिमा नाम प्रकाशन भएका उम्मेदवारहरुलाई सार्वजनिक सूचनाको माध्यमवाट जानकारी दिई संक्षिप्त सूचि प्रकाशन भएको मितिले कम्तिमा ७ दिन र वढीमा १५ दिन भित्रमा लिखित परीक्षा संचालन गरिने ब्यहोरा सहित लिखित परीक्षा हुने मिति र परीक्षा संचालन गरिने केन्द्रका विषयमा सूचना दिइनेछ।

(२) उपदफा (१) वमोजिम लिखित परीक्षा संचालन गर्दा देहाय वमोजिम हुनेछ।

(क) लिखित परीक्षा-५० अंक

(ख)प्रयोगात्मक परीक्षा-५० अंक

(३) लिखित परीक्षामा समसामयिक सामान्य ज्ञान ३० पूर्णाङ्क र अन्य सुरक्षा तथा समसामयिक विषय समेटिएको बस्तु गत प्रश्न २० पूर्णाङ्कको हुनेछ।

(४) लिखित परीक्षामा उतिर्ण हुने परीक्षार्थीलाई दफा ९ बमोजिमको समितिले २५ अंक भार कायम गरी अन्तर्वार्ताको परीक्षा लिनु पर्नेछ ।

(५) उपदफा ४ वमोजिमको अन्तर्वार्ता समाप्त भए पछि लिखित र अन्तर्वातामा उम्मेदवारले प्राप्त गरेको नम्वरको आधारमा सवै भन्दा वढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम पहिलो नम्वरमा राखी क्रमश दोस्रो तेस्रो हुँदै नतिजा प्रकाशन गरिनेछ।

(६) उपदफा ५ बमोजिम सफल उम्मेदवारको नाम प्रकाशन गर्दा परीक्षा लिएको खुल्ला सिट संख्याको वढीमा २० % सम्म बैकल्पिक उम्मेदवारको नामावली प्रकाशन गर्नु पर्नेछ।

**१३. सेवा करार सम्बन्धी व्यवस्था:** (१) समितिले खुला प्रक्रियाद्वारा लिएको लिखित तथा मौखिक परीक्षामा उतिर्ण भएका व्यक्तिहरुलाई सेवा करारमा नियुक्ति गर्न अन्तर्वार्ता सकिएको मितिले ७ दिनको म्याद दिई करार सम्झौता गर्न आउने बारे सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र सफल उम्मेदवार कार्यालयमा करार सम्झौता गर्न अनुपस्थित भएमा बैकल्पिक सूचिमा रहेका उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्नु पर्नेछ।।



CS Scanned with CamScanner

(३) उपदफा (२) बमोजिम सेवा करार सम्वन्धी सम्झौता गर्दा बढीमा एक आर्थिक वर्षको गरिनेछ ।तर निजले सम्झौता अवधि भर गरेको काम सन्तोष जनक पाइएमा पुनः अर्को आ.व.को लागि करार सेवा अवधि थप गर्न बाधा पर्ने छैन।

(४)उपदफा (३) को स्पष्टिकरणको लागि एक पटक करार सेवा अन्तर्गत प्रवेश भएका नगर प्रहरीलाई पुनः सोही पदका लागि करार सम्झौता गर्नु परेमा यस ऐनको दफा (११) र (१२) का सेवा करार प्रवेशका कुनै पनि प्रकृयामा सामेल हुनु पर्ने छैन।

(५) उपदफा (३) बमोजिम सेवा करारमा नगर प्रहरी नियुक्ति गर्दा करार सम्झौतामा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरिएको हुनु पर्नेछ।

**१४. सपथग्रहण सम्वन्धी ब्यवस्था:** (१) नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची- ३ बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद – ६

## नगरपालिका प्रशासन र नगर प्रहरी बीचको सम्वन्ध

**१५. प्रशासनको नियन्त्रणमा रहने:** (१) समस्त नगर प्रहरी कर्मचारी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी सहायक निरीक्षकले गर्नु पर्ने छ।

(३) प्रशासन शाखा प्रमुखले नगर प्रहरी प्रमुखको खटन पटन गर्दा प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय गर्नु पर्नेछ ।

**१६. दोहोरो जिम्मेवारी दिन सकिने:** यस ऐन बमोजिम नगर प्रहरीलाई नगर कार्यपालिकाको कार्यालयको सुरक्षाको लागि सुरक्षा गार्डको साथै आवश्यकता अनुसार मर्यादा पालक र दमकल सञ्चालनका साथै अन्य आवश्यक सेवाको समेत जिम्मेवारी दिन सक्नेछ ।

## परिच्छेद–७

## विदा सम्वन्धी व्यवस्था

**१७. विदा अधिकारको कुरा होइन:** (१) नगर प्रहरी कर्मचारीले किरिया विदा बाहेक अन्य विदालाई अधिकारको रुपमा दावी गर्न पाउने छैन ।

**१८. विदा सम्वन्धी अन्य व्यवस्था:** (१) नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख भएका विदाको हकमा समेत बिदा बस्नु अघि पालो मिलाउनु पर्नेछ।

(२)नगर प्रहरीले मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन तर त्यस्तो बिदा प्रमुख प्रशासकीय अधिकृत वा निजले अधिकार प्रत्योजन गरेको कर्मचारीबाट स्वीकृत नभए सम्म आधिकारिक बिदा मान्न सकिने छैन

(३) बिदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व–विवेकले बिदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ। निजले बिदा बसेको नगर प्रहरीको बिदा रद्द गरी बोलाई काममा लगाउन बाधा पर्ने छैन।

(४) बिदा लिने विधि, बिदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ।

**१९. बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:** (१)बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ।

**२०.झुटो कारण देखाई बिदा बसेमा कारवाही हुने:** (२) झुट्टो कारण देखाई बिदा बसेको पाईएमा त्यस्तो नगर प्रहरी कर्मचारी सजांयको भागीदार हुनेछ।

## परिच्छेद–४

## आचरण

**२१. नगर प्रहरीको आचरण:** नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ।

(क) नगर प्रहरी कर्मचारी हमेशा ड्यूटीमा लागी रहेको मानिनेछ। निजलाई जुनसुकै समयमा काममा लगाउन सकिनेछ। निज नियमित रुपमा आफ्नो ड्यूटीमा खटिएको हुनु पर्नेछ।

(ख)अधिकार प्राप्त अधिकारीबाट अनुमति विना आफू वा परिवारका सदस्य समेतले कार्यालयको कामसंग सम्वन्धित विषयका लागि कसैसंगबाट दान, वकस, चन्दा, पुरस्कार वा उपहार स्वीकार गर्न पाइने छैन।

(ग) नगर प्रहरीले आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेस गर्नु पर्नेछ।

(घ) नगरपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन।

(ङ) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु नगरपालिकाको आख्तियारी बिना कोही कसैलाई दिन पाइने छैन।

(च) नगरपालिकालाई खलवल पुग्ने गरी वा नगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन तर आफ्नो बौद्धिक क्षमता बृद्धि गर्ने साहित्यिक कृति प्रकाशन गर्न बाधा पर्ने छैन।



Scanned with CamScanner

(छ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पर्ने उद्देश्यले भाग लिन पाइने छैनातर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन।

(ज) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ।

(झ) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ।

(ञ) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतलाई उचित आदर देखाउनु पर्नेछ।

(ट) यो निर्देशिकाको साथै प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्न पाइने छैन।

## परिच्छेद-९

## सजाँय र पुनरावेदन

**२२. सजाँय**:(१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाँय गर्न सकिनेछ।

(क) नसिहत वा लिखित चेतावनी दिने: नगरप्रहरी कर्मचारीहरूले काममा लापरवाही गरेमा निजलाई नसिहत दिन सकिनेछ। देहायको कसुर गरेको अवस्थामा निजलाई नसियत दिइनेछ।

(१) सन्तोषजनक काम नगरेमा।

(२) अनुशासनहिन काम गरेमा।

(३) आचरण सम्बन्धी नियमहरू उलंघन गरेमा।

(४) मनासिव कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेमा वा गैर हाजिर भएमा।

(५) दिएकोआदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(६) लापरवाही गरेमा वा नियम आदेश पालना नगरेमा।

(ख) पारश्रमिक कट्टा गर्ने: नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत नगराई लगातार ३ दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा सो अवधिको दामासाहीले हुन आउने रकम निजले पाउने पारश्रमिकबाट कट्टा गरिनेछ।

(ग) नोक्सानी भएको बिगो असुल गर्ने: प्रहरी कर्मचारीको लापरवाहीको कारण नगरपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको बिगो बराबरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै स्रोत वा अन्य स्रोतबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) करार भंग गरी सेवाबाट बरखास्त गर्ने: नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टीकरण सहित सामान्य प्रक्रियाबाट सजाँय गरी सेवाबाट हटाउन सकिनेछ। यस्तो सजाँय प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(क) कार्य विवरण अनुसार आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा।

(ख) राजनीतिमा भाग लिएमा।

(ग) लगातार अनुशासनहीन काम गरेमा ।

(घ) पालोमा रहेको अवस्थामा वा नरहेको अवस्थामा वर्दिको पोशाक लगाई मादक पदार्थ सेवन गरी हिंडेमा वा कानून विपरितको काम गरेमा।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएमा।

(च) आफ्नो पद अनुसारको आचरण नगरेमा।

(छ) भ्रष्टाचार गरेमा।

(ज) आचारण सम्बन्धी नियमहरु बराबर उलंघन गरेमा।

(झ) झुटा विवरण पेश गरी विदा स्वीकृत गराएमा।

(३) यस निर्देशिकाको दफा २२ को उपदफा (२) मा जे सुकै कुरा लेखिएको भए पनि प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नु भन्दा पहिला निजलाई एक पटकको लागि सफाईको मौका दिईनेछ।

## परिच्छेद–१०

## तलब, भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

**२३. नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था:** (१) नगरपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको पारश्रमिक दर्जा अनुसार नेपाल प्रहरीका प्रहरी जवान हवल्दार र सहायक प्रहरी निरीक्षकले पाँउने ग्रेड वाहेकको शुरु स्केल बरावर पाउने छनानगर सभाले आवश्यक ठानेमा नगर प्रहरीलाई निश्चित रकम तोकी रासन भत्ता दिन सक्नेछ। सो वाहेक अन्य सुविधा उपलव्ध हुने छैन।

(२) उपदफा (१) मा जे भने पनि नगर प्रहरीलाई दमकल ब्यवस्थापनका लागि थप जिम्वेवारी दिएको अवस्थामा आगलागीमा खटिने नगर प्रहरीलाई खटिएको समय र कार्यको आधारमा कार्यपालिकाले तोके अनुसारको थप सुविधा दिन वाधा पर्ने छैन।

**२४.चाड पर्व खर्च पाउने:** (१) नगर प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाई आएको एक महिना बराबरको तलब १ वर्षमा एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्।

**२५. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था:** (१) नगर प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड नगरपालिकाबाट तोकिए बमोजिम हुनेछ।

(२) नगरपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक नगरपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ। यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ।

(३) प्रत्येक नगर प्रहरी आफ्नो ड्यूटीको समयमा नगरपालिकाले तोके बमोजिमको पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

**२६. अन्य सुविधा नपाउने:** करार सेवामा नियुक्ति भएका नगरप्रहरीले दफा (२३) को उपदफा (१२२), दफा (२४) को उपदफा(१) र दफा (२५) को उपदफा(२) बाहेक अन्य सुविध तथा पारिश्रमिक पाउने छैनन् ।

## परिच्छेद - ११

## विविध

**२७. तालिम सम्बन्धी व्यवस्था:** (१) नगर प्रहरीलाई आधारभूत तालिमको अतिरिक्त समय समयमा पुनर्ताजगी तालिम उपलव्ध गराइनेछ ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समूहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालिम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालिम सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**२८. डयुटी समय:** नगर प्रहरीको ड्यूटी चौविसै घण्टा रहने छ । यस ऐनको दफा १८ बमोजिमको बिदा बाहेक र नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र नगर प्रहरी सहायक निरीक्षक भन्दा मुनिका नगर प्रहरीले नगर प्रहरी प्रमुखको अनुमति बेगर ड्यूटी रहेको स्थान (ब्यारेक) छाडेर बाहिर जान पाउने छैन ।

**२९. उमेर हद:** करार सेवामा नियुक्ति पाएको नगर प्रहरीको उमेर ५५ वर्ष पुरा भए पछि निजलाई सेवा करारमा निरन्तरता दिईनेछैन ।

**३०. आपूर्तिकर्तासँगबाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिने:** यस कार्यविधिमा जे सुकै लेखिएको भए तापनि नगरपालिकालाई आकस्मिक रुपमा नगर सुरक्षाकर्मी लिनु आवश्यक भएमा कार्यपालिकावाट निर्णय गरि दफा ५ मा उल्लेखित संख्यामा नवढ्ने गरी जनशक्ति आपूर्ति व्यवसाय सञ्चालन गर्ने कुनै फर्म, कम्पनी सञ्चालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि यस कार्यविधिमा तोकिएको योग्यता पुगेका व्यक्तिलाई सेवा करार सम्झौताद्वारा आपूर्तिको व्यवस्था गर्न सक्नेछ ।

**३१. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आई परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**३२. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा नगरपालिकाका प्रचलित अन्य कानून तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**३३. कार्यविधिमा संशोधनः** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

**३४.बचाउ र खारेजी**: यो ऐन जारी भएपछि ऐन संग बाझिएको नगर प्रहरी नियुक्ति तथा सञ्चालन कार्यविधि २०७६ को व्यवस्था स्वतः खारेज भएको मानिनेछ । नगर प्रहरीको नियुक्ति तथा सञ्चालन कार्यविधि २०७६ बमोजिम नियुक्ति भएका सवै पदका नगर प्रहरीहरु यसै ऐन बमोजिम करार सेवामा नियुक्ति भएको मानिने छ ।